राजपुर गाउँपालिका
☎०८२-५९०६४०
# गाउँ कार्यपालिकाको कार्यालय
गंगदी, दाङ
प.सं. २०८१/०८२
च.नं.
लुम्बिनी प्रदेश, नेपाल

## तहबृद्धिका लागि आवेदन फाराम पेश गर्ने सम्वन्धी सूचना ।

**सूचना प्रकाशित मिति २०८१/१२/२८**

स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा ३१ बमोजिम तहबृद्धि हुने पदभन्दा एक तहमुनिको पदमा पाँच वर्षको सेवा अवधि पुरा भएका, पछिल्लो पाँच बर्षको कार्यसम्पादन मूल्याङ्कनमा औषत नब्बे प्रतिशत अङ्क प्राप्त गरेका, आवश्यक भौगोलिक क्षेत्रमा अनुभव प्राप्त गरेका, दफा ३४ बमोजिमको अवस्था विद्यमान नरहेका उपयुक्त उम्मेदवारहरुले चौथो/पाँचौं/छैटौं/सातौं/आठौं तहमा तहबृद्धि हुन चाहेमा तहबृद्धि हुनका लागि यस कार्यालयमा स्थानीय निजामती सेवा नियमावली, २०८१ को नियम ४८ अनुसार सोही नियमावलीको अनुसूची-१६ बमोजिमको ढाँचामा सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र तपसिलका कागजात सहित आवेदन पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।

<u>तपसिल</u>

१. सक्कल निवेदन,
२. हालको पदको नियुक्ति पत्रको प्रमाणित प्रतिलिपि,
३. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
४. कर्मचारी समायोजन भएको प्रमाणपत्रको प्रतिलिपि,
५. अद्यावधिक वैयक्तिक विवरणको प्रतिलिपि,
६. पछिल्ला पाँच बर्षको कार्य सम्पादन मूल्याङ्कन फाराम पेश गरेको निकायको विवरण,
७. सुम्वन्धित कार्यालयको सेवा निरन्तरता सम्वन्धी सिफारिस पत्र,
८. हालसम्म विभागीय कारवाहीमा नपरेको तथा प्रचलित कानून बमोजिम तहबृद्धिका लागि अयोग्य नरहेको स्वघोषणा,
९. तोकिएको शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि ।

.............................
रेमन्त बहादुर डाँगी
प्रमुख प्रशासकीय अधिकृत